# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, आश्विन ०४ गते, २०७५ साल (अतिरिक्ताङ्क ०९

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७५ सालको ऐन नं. १८

### केही प्रदेश कानूनलाई संशोधन गर्न वनेको ऐन

**प्रस्तावना** : साविकको प्रदेश नं. ४ को नामाकरण गण्डकी प्रदेश राखिएकोले सोही बमोजिम हालसम्म यस प्रदेशबाट जारी भएका कानूनमा संशोधन गर्न तथा पारिश्रमिक सम्बन्धी कानूनमा रहेका केही व्यवस्थालाई समेत संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ मा संसोधन</u>**: प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ को,-

(१) दफा २ उपदफा (ख) मा रहेको "प्रदेश भन्नाले प्रदेश नं. ४ सम्झनु पर्छ" भन्ने शब्दको सट्टा "प्रदेश भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ" भन्ने शब्द राखिएको छ ।

३. **<u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा संसोधन</u>**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को,-

(१) दफा २ को उपदफा (ष) मा रहेको "प्रदेश भन्नाले प्रदेश सरकार प्रदेश नं. ४ लाई जनाउँछ" भन्ने शब्दको सट्टा "प्रदेश भन्नाले प्रदेश सरकार गण्डकी प्रदेश लाई जनाउँछ" भन्ने शब्द राखिएको छ।

४. **<u>मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संसोधन</u>**: मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा ८ मा रहेको "वार्षिक दश हजारसम्मको बिल रकम वा प्रिमियम मध्ये जुन घटि हुन्छ सो रकम उपलब्ध गराउनेछ" भन्ने शब्दहरुको सट्टा "प्रिमियम वापत वार्षिक दश हजारसम्म वा बील रकम मध्ये जुन घटि हुन्छ सो वापतको रकम उपलब्ध गराइनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७४ मा संसोधन</u>**: प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को ,-

(१) दफा ६(१) सँग सम्बन्धित अनुसूची -१, विषय खण्ड ४ को कोलम ५ मा रहेको विपक्षी दलको नेतालाई "आवास उपलब्ध गराउने" भन्ने

शब्दको सट्टा "विपक्षी दलको नेतालाई घरभाडा वापत मासिक रु.२०,०००/- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ७ को,

(अ) उपदफा (१) मा,

(क) "सभामुख, उपसभामुख र विपक्षी दलको नेता" भन्ने शब्द पछि "समितिको सभापति र दलका सचेतकलाई चालक सहितको " भन्ने शब्दहरु थपिएका छन् ।

(ख) अनुसूची-१ को विषय खण्ड ७, कोलम ५ र ६ मा "९०/९० लिटर" भन्ने शब्दहरु थपिएका छन् ।

(ग) अनुसूची-१ को विषय खण्ड ८, कोलम ५ र ६ मा "५/५ लिटर" भन्ने शब्दहरु थपिएका छन् ।

(आ) उपदफा (५) मा,

(क) अनुसूची-१ को विषय खण्ड १२ पछि विषय खण्ड १३ थप गरी सवारी साधन उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा वापत "रु.७५०।-" थपिएको छ ।

(३) अनुसूची -१ को द्रष्टव्य - (३) झिकिएको छ ।

६. **<u>विनियोजन ऐन, २०७५ मा संसोधन</u> :** विनियोजन ऐन, २०७५ को,-

(क) अनुसूची -१ मा रहेको "नेपालको संविधान बमोजिम प्रदेश नं. ४ प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम" भन्ने शब्दको सट्टा "नेपालको संविधान बमोजिम गण्डकी प्रदेश प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम" भन्ने शब्द राखिएको छ।

(ख) विनियोजन ऐन, २०७५ को अनुसूची -२ मा रहेको "प्रदेश नं. ४ प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश, प्रदेश सञ्चित कोषबाट व्ययभार हुने रकम" भन्ने शब्द राखिएको छ।

७. **करतथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संसोधन** : कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को,-

(क) दफा १ को उपदफा (३) मा रहेको "यो ऐन **प्रदेश नं.** ४ भर लागू हुनेछ" भन्ने शब्दको सट्टा "यो ऐन **गण्डकी प्रदेश** भर लागू हुनेछ" भन्ने शब्द राखिएको छ ।

८. **प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ मा संसोधन** : प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को,-

(क) दफा १ को उपदफा (३) मा रहेको "यो ऐन प्रदेश नं. ४ भर लागू हुनेछ" भन्ने शब्दहरुको सट्टा "यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ" भन्ने शब्द राखिएको छ ।

प्रमाणिकरण मितिः २०७५/०६/०४

**आज्ञाले,**
**फणिन्द्र मणि पोखरेल**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-